अनुसूची १

# खाँदबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

नगरसभा वाट स्वीकृत मिति : २०७५।२।२५

प्रमाणीकरण मिति : २०७५।२।२५

स्थानीय राजपत्रमा प्रकाशित मिति :

प्रस्तावना: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खाँदबारी नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम खाँदबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन खाँदबारी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले खाँदबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले खाँदबारी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको खाँदबारी नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ (१) बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(छ) "स्थानीय कानुन" भन्नाले नगर सभाले बनाएको कानुन सम्झनु पर्दछ।

(ज) "स्थानीय तह" भन्नाले नगरपालिका लाई सम्झनु पर्दछ।

(झ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. ऐन बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त आवश्यकता अनुसार ऐन बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम ऐन बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने: (१) संविधान र ऐन अन्तरगत नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम आवश्यकता अनुसार नियम, विनियम निर्देशिका, कार्यविधी र मापदण्ड बनाई लागु गर्न सक्नेछ।